नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०/०८/०६ को निर्णयबाट 'विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८०' स्वीकृत भएको हो ।

# विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालन निर्देशिका

२०८०

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाह पथ, काठमाण्डौ

डा. रोशन पोखरेल
सचिव

"विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालन निर्देशिका, २०८०"

नागरिकलाई स्वास्थ्य बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्न, गुणस्तरीय स्वास्थ्य सेवामा सबैइको सहज, सुलभ र समान पहुँच सुनिस्चित गर्न, विपन्न वर्गको लागि राज्यबाट तोकिएका विशेष स्वास्थ्य सेवाहरुमा क्रमश पहुँच सुनिस्चित गर्न, स्वास्थ्य सेवामा नागरिकको आर्थिक भार न्यूनीकरण गर्न, जनस्वास्थ्य सेवा ऐन, २०७४ को दफा २८ को स्वास्थ्य सामाजिक सुरक्षा साथै नागेक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धि कार्यविधिको दफा १३ बमोजिमको विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाउन वान्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले देहायको निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अस्पताल" भन्नाले यस निर्देशिकाको अनुसूची-१ मा उल्लेख भएका अस्पतालहरु सम्झनु पर्छ र सो शब्दले समय समयमा विशेषज्ञ चिकित्सक सहितको संयुक्त अनुगमन टोलीको सिफारिसमा मन्त्रालय (सचिवस्तर) को निर्णयबाट तोकेका अस्पताललाई समेत जनाउँछ ।

(ख) "आर्थिक प्रशासन शाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, आर्थिक प्रशासन शाखा भन्ने सम्झनु पर्छ र सो शब्दले मन्त्रालयको आर्थिक प्रशासन शाखालाई समेत जनाउँछ ।

(ग) "कडारोग" भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी तथा सिकलसेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(घ) "डायलाइसिस" भन्नाले मृगौलारोग लागेका विरामीलाई अस्पतालबाट प्रदान गरिने हेमोडायलाइसिस वा पेरिटोनियल डायलाइसिस सम्झनु पर्छ र सो शब्दले सेरो पोजिटिभ

(संक्रमित) विरामीको हकमा सुरक्षित रुपले डायलाइसिस गर्ने उपचार सेवालाई समेत जनाउँछ ।

(ङ) "निर्देशन समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको विपन्न नागरिक औषधि उपचार निर्देशन समिति सम्झनु पर्छ ।

(च) "भुक्तानी व्यवस्थापन समिति" भन्नाले दफा ११ को उपदफा (१) मा गठित भुक्तानी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ज) "महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा सम्झनु पर्छ ।

(झ) "विपन्न विरामी नागरिक" भन्नाले दफा ३ को उपदफा (४) बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरीव परिवार परिचयपत्र वाहक विपन्न विरामी नागरिक सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ ।

(ट) "शाखा" भन्नाले महाशाखा अन्तर्गतको सामाजिक स्वास्थ्य सुरक्षा शाखा सम्झनु पर्छ ।

(ठ) "शोधभर्ना रकम" भन्नाले अस्पतालहरुले उपचार सेवा प्रदान गर्दा लागेको रकम महाशाखा समक्ष शोधभर्नाको लागि माग गरेको रकम सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

(ढ) "सिफारिस समिति" भन्नाले दफा ४ मा गठित सिफारिस समिति सम्झनु पर्छ ।

३. <u>विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने</u> : (१)आर्थिक रूपले विपन्न नागरिकले कडा रोगको उपचार नेपाल भित्र गराउँदा उपदफा (४) बमोजिम समितिको सिफारिसमा वा नेपाल

डा. रोशन पोखरेल
सचिव

सरकारले जारी गरेको गरिब परिचय पत्रको आधारमा विरामीले अनुसूची १ बमोजिम सूचीकृत अस्पतालबाट अनुसूची -२ मा उल्लेख भएको उपचार सहुलियत प्राप्त गर्नेछ।

(२) विपन्न नागरिकले औषधि उपचार सहुलियत प्राप्त गर्न स्थायी बसोबास रहेको वडाबाट अनुसूची २ बमोजिम फाराम भरी विपन्नको सिफारिस लिनुपर्ने र स्थानीय तहमा उपचार सिफारिसका लागि दफा ४ बमोजिमको समितिमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस भएका विरामीले उपचारका लागि सिफारिस मागेको बखत आवश्यक कागजात पूरा भएमा दफा ४ बमोजिमको सिफारिश समितिले तुरुन्त सिफारिस उपलब्ध गराउनु पर्नेछ ।

४. **सिफारिस समितिः** (१) आर्थिक रूपले विपन्न नागरिकलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न स्थानीय तहमा देहायको सिफारिस समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित स्थानीय तहको अध्यक्ष/प्रमुख | -संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक | -सदस्य-सचिव |

(२) उपदफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपन्न नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन सङ्कलन गर्ने,

(ख) आर्थिक अवस्था मुल्याङ्कन गरी अनुसूची ३ बमोजिमको व्यहोरा खुलाई आवश्यक निर्णय गर्ने,

(ग) सिफारिस समितिबाट निर्णय गर्दा विरामी वा विरामीको नजिकको हकवालाले सूचीकृत अस्पतालहरु मध्ये माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउने,

(घ) उपचारका लागि सिफारिस गरी पठाईएका विरामीहरुको विवरण विद्युतीय प्रणालीमा समेत अभिलेख राखी अनुसूची १३ र अनुसूची १४ बमोजिमको ढाँचामा विवरण भरी महाशाखामा अर्धवार्षिक रुपमा पठाउने,

डा. रोशन पोखरेल
सचिव

(ङ) सिफारिस गर्दा दोहोरो नपर्ने गरी एउटा रोगको लागि एक मात्र अस्पतालमा सिफारिस गर्ने।

५. <u>सेवा लिने प्रक्रियाः</u> (१) विपन्न विरामी नागरिकले कडारोगको उपचार सहुलियत लिनका लागि अनुसूची -२ बमोजिमको ढाचाँमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट विपन्न हो भनी सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, चिकित्सकको प्रिस्क्रिप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्त भए पश्चात सम्बन्धित स्थानीय तहले दफा ४ बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी विरामीको पारिवारिक आर्थिक अवस्था समेत हेरी औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि अनुसूची ३ बमोजिमको विवरण बमोजिम सूचीकृत अस्पतालमा सिफारिस गर्नु पर्नेछ ।

(४) गरिव परिवार परिचय पत्र भएका विरामीहरुका लागि उपदफा (१) र (३) बमोजिमको विपन्नताको सिफारिस आवश्यक पर्ने छैन। दफा ५(२) मा उल्लेख भएका प्रावधान सहित उक्त परिचयपत्रकै आधारमा सूचीकृत अस्पतालबाट सोझै उपचार सहुलियत पाउनेछन् ।

(५) विपन्न बिरामी नागरिकले सुचिकृत अस्पतालबाट अनुसूची -२ मा तोकिए बराबरको उपचार सहुलियत पाउनेछन्।

(६) थप उपचार सेवाका लागि प्रेषण भएका विरामीले सम्बन्धित अस्पतालको सिफारिसमा प्रेषण गरिएको अस्पतालमा उपचार सुनिश्चितता भए पश्चात सिधै सम्पर्क राख्न सक्नेछन् ।

(७) विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत कुनै पनि विरामीलाई नगदै भुक्तानी दिन पाईने छैन ।

(८) यस निर्देशिकाको अन्य दफामा जुन सुकै कुरा उल्लेख भएता पनि मृगौला प्रत्यारोपण गर्ने विरामीको हकमा प्रत्यारोपण पूर्व गरिने अङ्गदाता र ग्रहणकर्ताको प्रयोगशाला परिक्षण (HLA Cross match) वापत सरकारी अस्पताल वा सरकारी प्रयोगशालाबाट परिक्षण गरेको रकम तथा



डा. रोशन पोखरेल
सचिव

सुचिकृत अस्पतालबाट मृगौला प्रत्यारोपण गरि हाल औषधि सेवन गरिरहेका बिरामीहरुलाई प्रत्यारोपण पश्चात औषधि (Anti Rejection Drugs) सेवन वापतको रकम बिल भरपाईको आधारमा भुक्तानी व्यवस्थापन समितिबाट सिफारिस भए बमोजिम तोकिएको सिमा भित्र रही आर्थिक प्रशासन शाखाबाट शोधभर्ना भुक्तानी हुनेछ ।

६. **अस्पताल सूचीकृत गर्ने प्रक्रिया:** (१) विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत अस्पताल सूचीकृत हुन अनुसूची ५ बमोजिमको कागजातहरु संलग्न गरी अस्पतालले महाशाखामा निवेदन पेश गर्नु पर्नेछ।

(२) महाशाखाबाट अनुसूची ५ बमोजिमको दस्तावेजहरु रुजु पश्चात औचित्यता र आवश्यक्ताको आधारमा विशेषज्ञ चिकित्सक सहित महाशाखामा कार्यरत प्रतिनिधिहरु सम्मिलित संयुक्त अनुगमन टोलीले स्थलगत अनुगमन गरी महाशाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) महाशाखाले संयुक्त अनुगमन टोलीको प्रतिवेदनको आधारमा सूचीकरणको लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(४) महाशाखाको सिफारिसका आधारमा मन्त्रालयले सुचिकृत गर्नेछ ।

७. **अस्पतालको काम, कर्तव्य र अधिकार** : यस निर्देशिकाको अन्य दफामा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा ३ को उपदफा (४) बमोजिम सिफारिस भई आएका विपन्न विरामीको अलग अलग फाइल बनाई अभिलेख राख्ने साथै विद्युतीय प्रणाली (सफ्टवयेर) मा समेत अनिवार्य प्रविष्टि गर्ने,

(ख) दोहोरो सिफारिस भई आएमा यस निर्देशिका बमोजिम उपचार सहुलियत प्रदान नगर्ने र सो को जानकारी महाशाखालाई दिने,

(ग) खण्ड 'क' बमोजिमका विरामीलाई सम्बन्धित चिकित्सकबाट जाँच गर्ने व्यवस्था मिलाउने,

(घ) मन्त्रालयबाट स्वीकृत स्तरीय उपचार पद्धति (Standard Treatment Protocol) बमोजिम सेवा प्रदान गर्ने,

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(ङ) तोकिएको सहुलियत रकमको सिमा भित्र रही कडा रोगको निदान भएका विरामीलाई चिकित्सकको सल्लाह बमोजिम आवश्यक पर्ने औषधि, औषधिजन्य सामाग्री, प्रयोगशाला सेवा, शल्यक्रिया, शैया आदि समेत अस्पतालले उपलब्ध गराउने,

(च) विपन्न विरामी नागरिकलाई प्राप्त हुने सहुलियत वापतको रकमको सर्वाधिक सदुपयोग हुने वातावरण अस्पताल आफैंले मिलाउने,

(छ) सूचीकृत हुने अस्पतालले आफ्नै फार्मेसी सेवा संचालन गरेको हुनुपर्ने र निर्देशिकामा सूचीकृत गरेका रोगहरुको लागि स्तरीय उपचार पद्धति अनुसार आवश्यक औषधीहरु फार्मेसीमा उपलब्ध गराउने,

(ज) विपन्न विरामी नागरिकलाई प्राथमिकता अनुसार उपचारको व्यवस्था मिलाउने,

(झ) विपन्न विरामी नागरिकले औषधि उपचार सेवा लिइरहेको अस्पतालबाट अन्य सुचिकृत अस्पतालमा थप उपचारको लागि प्रेषण गर्नुपर्ने भएमा विरामीले पाउनु पर्ने बाँकी सहुलियत रकम बराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसको लागि सम्बन्धित अस्पतालबाट उपचार सहुलियत पाएको रकम, प्रेषण पूर्जा वा विद्युतीय प्रेषण र दफा ३ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको प्रतिलिपी समेत संलग्न गरी सम्बन्धित अस्पतालमा पठाई सो को जानकारी महाशाखालाई पठाउने,

(ञ) खण्ड (झ) बमोजिमको व्यहोरा विद्युतीय प्रणालीमा अनिवार्य अभिलेख राखी प्रेषण गर्ने,

(ट) तोकिएको सहुलियत रकम भन्दा बढी रकम खर्च नहुने गरी स्पष्ट अभिलेख राख्ने व्यवस्था मिलाउने,

(ठ) खण्ड (ङ) बमोजिम औषधि उपलब्ध गराएको अभिलेख अनुसूची ६ र अनुसूची ७ बमोजिमको अभिलेख रजिष्टरमा तथा विद्युतीय प्रणालीमा अनिवार्य राख्नु पर्नेछ र महाशाखालाई अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ड) अस्पतालले मासिक रुपमा सेवाग्राहीको विवरण, सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटी र वेवसाईटमा सार्वजनिक गर्ने,

(ढ) अस्पताल प्रमुखले विपन्न विरामी नागरिकको उपचारको सम्बन्धमा समय समयमा मन्त्रालय तथा महाशाखाले दिएको निर्देशन तथा निर्णय पालना गर्ने,

डा. रोशन पोखरेल
सचिव

(ण) अस्पतालले उपचार खर्चको शोधभर्ना माग गर्दा मासिक रुपमा अनुसूची ७, अनुसूची ८ र अनुसूची ९ बमोजिमको प्रतिवेदन फाराम भरी महाशाखामा प्रत्येक महिनाको सात गते भित्र अनिवार्य रुपमा पठाउने,

(त) विरामी डिस्चार्ज हुँदा तोकिएको रकम मध्ये के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो बारे विरामीलाई जानकारी दिई सोही अनुसार अनुसूची ६ र अनुसूची ७ बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतीय प्रणालीमा अनिवार्य रूपमा अद्यावधिक गर्ने,

(थ) विपन्न विरामी नागरिक वा निजको कुरुवा र ड्युटी चिकित्सक वा नर्सलाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालको विरामी अभिलेख फाइलमा दुरुस्त राख्ने,

(द) विरामी अस्पतालमा भर्ना भएकै अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिस प्राप्त गर्न ढिला भएको अवस्थामा विरामीले सिफारिस माग गरेको जानकारी अस्पतालको सामाजिक सेवा इकाईलाई दिनु पर्नेछ र डिस्चार्ज हुने दिनसम्म सिफारिस ल्याएमा सम्बन्धित अस्पतालले सम्बन्धित विरामीलाई तोकिएको सहुलियत रकमको सिमा भित्र रही उपचार सेवा दिनु पर्ने,

तर विरामीको उपचारका क्रममा मृत्यु भई दफा ३ को उपदफा (४) बमोजिमको सिफारिस नल्याएमा अस्पतालका निर्देशक, उपचारमा संलग्न प्रमुख चिकित्सक र सामाजिक सेवा इकाई प्रमुखले सिफारिस गरेमा तोकिएको सहुलियत रकमको सिमा भित्र रही विरामीको खर्च भएको रकम सम्बन्धित अस्पतालले शोधभर्ना माग गर्न सक्नेछ,

(ध) अस्पतालको सामाजिक सेवा इकाईमा आवश्यक जनशक्ति र प्रविधिको व्यवस्था अस्पतालले गर्ने,

(न) सामाजिक सेवा एकाइको वोर्ड सवैले देख्ने गरी सम्वन्धित अस्पतालमा अनिवार्य रुपमा राख्ने,

(प) विभागबाट शोधभर्ना रकम प्राप्त हुन ढिला भएमा पनि सेवा अवरुद्ध गर्न पाइने छैन,

(फ) अस्पताल दर्ता एवम् नविकरण "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० र सो को संशोधन", "प्रदेश स्वास्थ्य संस्था स्थापना,



डा. रोशन पोखरेल
सचिव

संचालन, नविकरण तथा स्तरोन्नती ऐन" र सो ऐन बमोजिम जारी भएको नियमावली अनुरुप भएको हुनु पर्ने,

(ब) विरामीलाई थप उपचारको लागि अर्को अस्पतालमा प्रेषण गर्नु परेमा त्यस अस्पतालमा उपचार हुने सुनिश्चित गरी प्रेषण गर्ने,

(भ) विपन्न विरामीलाई अनुसूचि १० को ढाँचामा सेवा प्रदायक सूचीकृत संस्थाले विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड उपलब्ध गराउने,

(म) एक्युट रेनल फेलियर भई छोटो अवधि डायलाइसिस गर्नुपर्ने विरामीको हकमा दफा ३ को उपदफा ४ बमोजिमको सिफारिस आवश्यक पर्ने छैन । अस्पताल प्रमुख वा निजले तोकेको व्यक्तिको सिफारिसमा निःशुल्क सेवा प्रदान गर्ने । यसरी उपचार गराएका विरामीहरुको अभिलेख तथा प्रतिवेदन दुरुस्त राख्ने तर विरामी निको भई पुनः सेवा लिन आउन परेमा सिफारिस अनिवार्य पेश गर्नुपर्ने,

(य) मृगौला प्रत्यारोपण पश्चात औषधि सेवन गर्ने विरामीहरुका लागि आवश्यक पर्ने औषधिको व्यवस्था सम्बन्धित अस्पतालले मिलाउने ।

(र) विरामी थप उपचारका लागि अन्य सूचीकृत अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा सम्बन्धित अस्पतालले सोझै गर्न सक्नेछन् ।प्रेषण गरेको जानकारी सम्बन्धित अस्पतालले शाखालाई गर्नुपर्नेछ । विद्युतीय प्रणाली (अनलाइन) मा अभिलेख नगरी गरिएको प्रेषण मान्य हुने छैन ।

(ल) विपन्न नागरिकलाई सूचीकृत अस्पतालबाट सेवा उपलब्ध गराइ सकेपछि सूचीकृत रोगको तोकिएको औषधि उपचारमा तोकिएको शोधभर्ना हुने रकम सकिए पनि थप उपचार गर्नुपर्ने भएमा साविककै सहुलियत दररेटमा सेवा उपलब्ध गराउने ।

८. <u>सम्पर्क केन्द्र स्थापना गर्नु पर्नेः</u> (१) यस निर्देशिका बमोजिम विपन्न नागरिकलाई उपचार सेवा प्रदान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र स्थापना गर्नु पर्नेछ ।

डा. रोशन पोखरेल
सचिव

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि सामाजिक सुरक्षा कार्यक्रम लागू भएका अस्पतालहरुका हकमा समन्वय गरी एउटै केन्द्रबाट सेवा प्रवाह गर्न सकिनेछ, तर सेवा अभिलेख छुट्टा छुट्टै राख्नुपर्नेछ ।

९. **<u>महाशाखाको काम, कर्तव्य र अधिकार</u>**: यस निर्देशिकामा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त महाशाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपन्न नागरिक औषधि उपचारको लागि आवश्यक पर्ने वार्षिक बजेट तथा योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ख) मासिक रुपमा विपन्न नागरिक औषधि उपचार प्रदान गरे वापत सेवा प्रदायक अस्पतालबाट प्राप्त अनुसूची ७, ८ र ९ को विवरण स्वास्थ्य बीमा कार्यक्रम सँग दोहोरो परे/ नपरेको सुनिश्चित गरी भुक्तानी व्यवस्थापन समितिको बैठक आयोजना गर्ने र उक्त बैठकमा यस कार्यक्रमको मासिक प्रतिवेदन पेश गरी निर्णय भए बमोजिमको रकम आर्थिक प्रशासन शाखा मार्फत सम्बन्धित अस्पताललाई शोधभर्ना भूक्तानी गर्ने,

(ग) भुक्तानी व्यवस्थापन समिति र निर्देशन समितिको बैठक आवश्यकता अनुसार संचालन गर्ने,

(घ) अस्पतालहरुको उपचार सेवालाई गुणस्तरीय बनाउन नियमित अनुगमन गर्ने, गराउने साथै अस्पतालमा सञ्चालित अन्य निःशुल्क स्वास्थ्य कार्यक्रमहरूको समेत एकिकृत अनुगमन गर्ने,

(ङ) अस्पतालहरुबाट प्राप्त प्रतिवेदनहरु रुजु गरी शोधभर्ना माग रकम र विरामी सङ्ख्या स्पष्ट देखिने गरी विवरण राख्ने,

(च) अस्पतालहरुबाट प्राप्त प्रतिवेदन स्पष्ट नभएमा अस्पतालसँग सोधपुछ गर्ने एवम् अनुगमनको व्यवस्था समेत गरी प्रतिवेदन रुजु गर्ने,

(छ) नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले विपन्न नागरिक औषधि उपचारको प्रतिवेदन एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीमा समावेश गर्ने व्यवस्था मिलाउने,

डा. रोशन पोखरेल
सचिव

(ञ) विरामीको उपचार सेवाको गुणस्तर एवम् औचित्यताको आधारमा अस्पताललाई एकमुष्ठ वा पटक पटक गरी शोधभर्ना रकम उपलब्ध गराउने,

(झ) यस निर्देशिका बमोजिमको कुनै विषयमा निर्णय गर्न कठिनाई भएमा भुक्तानी व्यवस्थापन समितिको सिफारिसमा निर्देशन समितिमा पेश गर्ने,

(ञ) विपन्न नागरिक औषधि उपचार सम्बन्धी अन्य आवश्यक कार्य गर्ने,

(ट) महाशाखा र सूचीकृत अस्पताल वीच बार्षिक रूपमा अनुसूची ११ को ढाँचामा बार्षिक सम्झौता गर्ने,

(ठ) विद्युतीय प्रणालीमा अभिलेख नराख्ने अस्पतालहरूको सम्झौता रद्द गर्न सकिनेछ ।

१०. **दोहोरो सुविधा लिन नहुने:** (१) यस निर्देशिका बमोजिम प्रदान हुने औषधी उपचार सेवा दफा ४ को उपदफा (५) बमोजिमको रकमको सिमा ननाघ्ने गरी एक रोगका लागि एक पटक वा पटक पटक गरी प्रदान गर्न सकिने छ ।

(२) विपन्न नागरिकलाई सुचिकृत अस्पतालले सेवा उपलब्ध गराए वापत स्वास्थ्य बीमा, विपन्न नागरिक औषधि उपचार कार्यक्रम वा अन्य सहुलियत पूर्ण कार्यक्रममा दोहोरो पर्ने गरी शोधभर्ना माग दाबी गर्न पाउने छैन। दोहोरो पर्ने गरी शोधभर्ना माग दाबी गरेको पाईएमा सम्बन्धित अस्पताललाई सूचीकृत को सूचीबाट हटाईनेछ।

(३) कुनै एक रोगको औषधी उपचार सहुलियत प्राप्त गरिसकेको व्यक्तिले पुनः सोही रोगका लागि औषधी उपचार सहुलियत सुविधा लिन पाइनेछैन ।

(४) यस निर्देशिकामा अन्यत्रः जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक रोगको उपचारमा सहुलियत प्राप्त गरेको व्यक्तिले अर्को रोगको उपचार सहुलियत प्राप्त गर्न बाधा पर्ने छैन ।

११. **निर्देशन समिति:** (१) यस निर्देशिका बमोजिम विपन्न विरामी नागरिकलाई प्रदान गरिने औषधि उपचार सेवालाई गुणस्तरीय, व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक निर्देशन, सिफारिस एवम् अस्पताल तथा विरामीको औषधि उपचार खर्च निर्धारण गर्न देहाय बमोजिमको एक विपन्न नागरिक औषधि उपचार निर्देशन समिति रहनेछः-

(क) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - अध्यक्ष



डा. रोशन पोखरेल
सचिव

(ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(ग) सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(घ) सह-सचिव, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ङ) प्रमुख, नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(च) अध्यक्ष, नेपाल मेडिकल वोर्ड - सदस्य

(छ) निर्देशक,नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा - सदस्य-सचिव

(२) निर्देशन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) विपन्न विरामी नागरिक औषधि उपचार कार्यक्रमलाई विस्तार गर्नका साथै प्रभावकारी एवम् गुणस्तरीय सेवाका लागि अनुगमन, निर्देशन, सिफारिस एवम् निर्णय गर्ने कार्य निर्देशन समितिले गर्नेछ ।

(४) विपन्न नागरिक औषधि उपचार कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्थाको लागि सिफारिस गर्नेछ ।

(५) निर्देशिका अनुरुप विपन्न नागरिक औषधि उपचार कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आई परेमा आवश्यक निर्णय गरी समाधान गर्न सक्नेछ ।

(६) यस निर्देशिका बमोजिम सेवा उपलव्ध नगराउने अस्पतालहरूको हकमा भुक्तानी व्यवस्थापन समितिको सिफारिसमा उक्त अस्पताललाई सूचीबाट हटाउन सक्नेछ ।

१२. <u>भुक्तानी व्यवस्थापन समितिः</u> (१) यस निर्देशिका बमोजिम विपन्न विरामी नागरिकलाई सेवा प्रदान गरिसके पछि अस्पतालबाट प्राप्त प्रतिवेदन विश्लेषण र रुजु गरी अस्पतालहरुलाई शोधभर्ना भुक्तानी सिफारिसका लागि देहाय बमोजिमको भुक्तानी व्यवस्थापन समिति रहनेछः

(क) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - अध्यक्ष

(ख) निर्देशक, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा - सदस्य

(ग) निर्देशक, उपचारात्मक सेवा महाशाखा - सदस्य



डा. रोशन पोखरेल
सचिव

(घ) निर्देशक, व्यवस्थापन महाशाखा - सदस्य

(ङ) प्रतिनिधि (उपसचिवस्तर), नीति योजना तथा अनुगमन महाशाखा - सदस्य
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(च) प्रतिनिधि (उपसचिवस्तर), स्वास्थ्य बीमा बोर्ड -सदस्य

(छ) प्रमुख, आर्थिक प्रशासन शाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(ज) कानुन अधिकृत, स्वास्थ्य सेवा विभाग -सदस्य

(झ) शाखा प्रमुख, सामाजिक स्वास्थ्य सुरक्षा शाखा -सदस्य-सचिव

(२) भुक्तानी व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(३) अस्पतालबाट पेश भएका प्रतिवेदन अध्ययन, विश्लेषण तथा रुजु गरी समितिले शोधभर्ना रकम भुक्तानीका लागि सिफारिस गर्नेछ ।

(४) निर्देशिका अनुरुप विपन्न नागरिक औषधी उपचार कार्यक्रम कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आइपरेमा निर्देशन समितिमा समाधानका लागि सिफारिस गर्नेछ ।

(५) यस निर्देशिका बमोजिम सेवा उपलव्ध नगराउने अस्पतालहरूको हकमा उक्त अस्पताललाई सूचीबाट हटाउन निर्देशन समितिमा सिफारिस गर्न सक्नेछ ।

१३. <u>सेवा शुल्क सम्बन्धी व्यवस्था</u>: (१) औषधि उपचारको सहुलियत रकम अनुसूची ४ मा तोकिएको सिमा बमोजिम हुनेछ। अस्पतालले कडा रोगको उपचार वापत लिने सेवा शुल्क स्वास्थ्य बीमा बोर्डले निर्धारण गरेको दर रेट बमोजिम हुनेछ। तर कुनै अस्पतालको सेवा शुल्क दर रेट बीमा बोर्डको दर रेट भन्दा कम भएमा सोहि अनुसार हुनेछ।

(२) उप दफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि महाशाखाले औषधि उपचार प्याकेज तयार गरी दर रेट स्वीकृत गराई लागू गर्नसक्नेछ।

१४. <u>जनशक्ति र बजेट व्यवस्थापन</u> : (१) महाशाखा अन्तर्गत शाखाबाट विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन हुनेछ ।

डा. रोशन पोखरेल
सचिव

(२) यस निर्देशिका बमोजिमका सम्पूर्ण काम कारवाही शाखाबाट सम्पादन हुनेछ र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन विभागले गर्नु पर्नेछ ।

(३) विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालनका लागि विपन्न नागरिक औषधी उपचार शिर्षकमा विनियोजित वार्षिक बजेटको ०.५ (शुन्य दशमलव पाँच) प्रतिशतको परिधि भित्र रही कार्यक्रम प्रस्ताव गरी विभागबाट स्वीकृत गराई कार्य सम्पादन गर्नु पर्नेछ ।

१५. <u>अभिलेख तथा प्रतिवेदन</u> : (१) विरामीको औषधि उपचार सम्बन्धी विवरण अनुसूची ६ र अनुसूची ७ बमोजिमको अभिलेख पुस्तिका र सोही बमोजिम प्रत्येक विरामीको औषधि उपचार वापतको बिल भरपाई विद्युतीय प्रणाली (सफ्टवेयर) मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ।

(२) अस्पतालले सेवा दिएका विरामीहरुको विवरण अभिलेख पुस्तिकाबाट उतार गरी मासिक रुपमा अनूसुची ८, ९ र १२ बमोजिमको मासिक प्रतिवेदन तयार गरि प्रत्येक विरामीको औषधि उपचार वापतको बिल भरपाई सहित प्रत्येक महिनाको ७ गते भित्र महाशाखामा पठाउनुपर्नेछ ।

(३) उपचारका लागि सिफारिस गरी पठाईएका विरामीहरुको विवरण विद्युतीय प्रणालीमा समेत अभिलेख राखी अनुसूची १३ र १४ बमोजिमको ढाँचामा विवरण भरी अर्ध बार्षिक रुपमा महाशाखामा पठाउनु पर्नेछ ।

१६. <u>निरिक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था</u>: (१) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न मन्त्रालय अन्तर्गतको नीति, योजना तथा अनुगमन महाशाखा, गुणस्तर मापन तथा नियमन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुको एक संयुक्त संयन्त्रले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ। यसको थप अनुगमन निर्देशन समिति, प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालय तथा प्रदेश निर्देशनालयले गर्न सक्नेछ ।

(२) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने अस्पतालको नियमित अनुगमन गर्ने कार्य महाशाखाको हुनेछ ।

डा. रोशन पोखरेल
सचिव

१७. <u>लेखा परीक्षण गराउनु पर्ने:</u> (१) प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनु सम्वन्धित अस्पतालको कर्तव्य हुनेछ । प्रत्येक वर्ष विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालनका लागि सम्झौता गर्दा लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको लेखा परीक्षणको प्रतिवेदन निजी, गैह्रसरकारी तथा सामुदायिक अस्पतालले मंसिर मसान्तसम्म तथा सरकारी अस्पतालले चैत्र मसान्त सम्म महाशाखामा बुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन यथा समयमा प्राप्त नभए उपचार सेवा प्रदान गरे वापतको रकम शोधभर्ना रोक्का गर्न सकिनेछ ।

(३) लेखा परिक्षण प्रतिवेदनमा विपन्न नागरिक औषधि उपचार वापत विभागबाट प्राप्त भएको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै देखिएको हुनुपर्नेछ ।

१८. <u>कारवाही हुने</u>: (१) यस निर्देशिका विपरित कार्य गरेमा संलग्न सबैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(२) यस निर्देशिका विपरित कार्य गर्ने अस्पताललाई शोधभर्ना गर्नु पर्ने रकम रोक्का गरिनेछ। साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउने र प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

१९. <u>अनुसूचीमा संशोधन गर्ने अधिकार:</u> मन्त्रालयले यस निर्देशिकाको अनुसूचीमा आवश्यक्ता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

२०. <u>खारेजी र बचाउ</u>: (१) "विपन्न कार्यक्रम अन्तर्गत दिईदै आएको कडा रोगहरुको उपचार खर्च स्वास्थ्य बीमामा आवद्द गर्ने कार्यविधि, २०७८" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## अनुसूची १

(दफा २ को खण्ड (क) संग सम्बन्धित)

### विपन्न नागरिकहरुलाई औषधि उपचारका लागि सूचीकृत गरिएका अस्पतालहरु

| प्रदेश | क्र. स. | संस्थाको नाम र ठेगाना | औषधि उपचारको लागि सुचिकृत रोग |
|---|---|---|---|
| कोशी प्रदेश | १ | ईलाम अस्पताल, ईलाम | हेमोडायलाईसिस |
| | २ | वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान सुनसरी | हेमोडायलाईसिस, पेरिटोनियल डायलाईसिस, AKI, औषधी सेवन (Medical Treatment), मुटु रोग, क्यान्सर, हेड इन्जुरी स्पाइनल इन्जुरी र पार्किन्सन्स, अल्जाइमर्स, |
| | ३ | मेची अस्पताल, भद्रपुर, झापा | हेमोडायलाईसिस |
| | ४ | कोशी अस्पताल, विराटनगर, मोरङ | हेमोडायलाईसिस, क्यान्सर |
| | ५ | विराटनगर अस्पताल प्रा.लि., विराटनगर, मोरङ | हेमोडायलाईसिस, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स र अल्जाईमर्स, मुटु रोग, क्यान्सर |
| | ६ | गोल्डेन अस्पताल प्रा.लि., विराटनगर, मोरङ | हेमोडायलाईसिस, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| | ७ | नेपाल स्वास्थ्य विकास तथा अनसन्धान सहकारी लि., विराटनगर, मोरङ | हेमोडायलाईसिस |
| | ८ | नोबेल मेडिकल कलेज, शिक्षण अस्पताल, विराटनगर,मोरङ | हेमोडायलाईसिस, सेरोपोजिटिभ डायलाईसिस, मृगौला प्रत्यारोपण, मुटु रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स र अल्जाईमर्स |
| | ९ | न्युरो कार्डियो मल्टिस्पेसियालिटी हस्पिटल, मोरङ, विराटनगर | हेड इन्जुरी, स्पाइनल इन्जुरी र मुटु रोग |
| | १० | ओमसाई पाथीभारा हस्पिटल प्रा. लि., भद्रपुर, भापा | हेमोडायलाइसिस |
| | ११ | पुर्णटुङ्ग विर्ता सिटी अस्पताल, विर्तामोड, भापा | हेमोडायलाइसिस |
| | १२ | बि. एण्ड सि. मेडिकल कलेज शिक्षण हस्पिटल, भद्रपुर, झापा | हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| | १३ | पुर्वाञ्चल क्यान्सर हस्पिटल, विर्तामोड, भापा | क्यान्सर |

डा. रोशन पोखरेल
सचिव

| | | | |
|---|---|---|---|
| | १४ | लाईफलाईन अस्पताल प्रा. लि., दमक, भापा | हेमोडायलाइसिस |
| | १५ | मनमोहन मेमोरियल क्षेत्रीय अस्पताल बिर्तामोड, झापा | हेमोडायलाइसिस |
| मधेश प्रदेश | १ | नारायणी उपक्षेत्रिय अस्पताल, विरगंज, पर्सा | हेमोडायलाइसिस |
| | २ | प्रादेशिक अस्पताल जनकपुर, धनुषा | हेमोडायलाइसिस |
| | ३ | जानकी हेल्थकेयर अस्पताल प्रा. लि., जनकपुरधाम, धनुषा | हेमोडायलाइसिस |
| | ४ | गजेन्द्र नारायणसिंह अस्पताल, राजविराज | हेमोडायलाइसिस |
| | ५ | नेशनल मेडिकल कलेज, शिक्षण अस्पताल, वीरगञ्ज | हेमोडायलाइसिस |
| | ६ | विरगञ्ज हेल्थ केयर हस्पिटल, विरगञ्ज | हेमोडायलाइसिस, हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु रोग |
| | ७ | सिरहा अस्पताल, सिरहा | हेमोडायलाइसिस |
| | ८ | प्रादेशिक अस्पताल गौर, रौतहट | हेमोडायलाइसिस |
| | ९ | सेभ लाइफ हस्पिटल एण्ड रिसर्च प्रा. लि., जनकपुर | हेमोडायलाइसिस |
| बागमती प्रदेश | १ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, महाबौद्ध, काठमाडौं | हेमोडायलाईसिस, सेरोपोजेटिभ डायलाईसिस, पेरिटोनियल डायलाईसिस, AKI, औषधी सेवन (Medical treatment), मृगौला प्रत्यारोपण, मुटु रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स र अल्जाईमर्स |
| | २ | त्रि. वि. शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं | हेमोडायलाईसिस, पेरिटोनियल डायलाईसिस, AKI, औषधी सेवन (Medical treatment), मृगौला प्रत्यारोपण, मुटु रोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स र अल्जाईमर्स |
| | ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन, ललितपुर | हेमोडायलाईसिस, AKI, औषधी सेवन (Medical treatment), मुटु रोग, क्यान्सर, हेड इन्जुरी स्पाईनल इन्जुरी, पार्किन्सन्स, अल्जाईमर्स र सिकलसेल एनिमिया |
| | ४ | परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल, थापाथली, काठमाडौं | क्यान्सर |

16

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| | ५ | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र,बांसवारी, काठमाडौं | मुटु रोग |
| | ६ | निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं | क्यान्सर, सिकलसेल एनिमिया |
| | ७ | कान्ति बाल अस्पताल, महाराजगञ्ज, काठमाडौं | मृगौला रोग, क्यान्सर |
| | ८ | मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज, काठमाडौं | मुटु रोग, क्यान्सर |
| | ९ | वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन | क्यान्सर |
| | १० | शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुर | हेमोडायलाईसिस, पेरिटिनियल डायलाईसिस, सेरोपोजेटिभ डायलाईसिस, मृगौला प्रत्यारोपण, AKI, औषधि सेवन (Medical Treatment), मुटु रोग |
| | ११ | नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौं | हेमोडायलाईसिस, पेरिटिनियल डायलाईसिस, क्यान्सर |
| | १२ | चितवन मेडिकल कलेज, शिक्षण अस्पताल, चितवन | मुटु रोग, हेमोडायलाईसिस, क्यान्सर, अल्जाईमर्स, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| | १३ | कलेज अफ मेडिकल साइन्सेस, भरतपुर, चितवन | मुटु रोग, हेमोडायलाईसिस, अल्जाईमर्स, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| | १४ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर | क्यान्सर |
| | १५ | राष्ट्रिय मृगौला उपचार केन्द्र, वनस्थली, काठमाडौं | हेमोडायलाईसिस र सेरोपोजेटिभ डायलाईसिस |
| | १६ | धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक | हेमोडायलाईसिस, मुटु रोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स र अल्जाइमर्स, सिकलसेल एनिमिया |
| | १७ | वि. एण्ड वि. अस्पताल, ग्वार्खो, ललितपुर | क्यान्सर, हेमोडायलाईसिस |
| | १८ | आरोग्य स्वास्थ्य प्रतिष्ठान, पुल्चोक, ललितपुर | हेमोडायलाईसिस, पेरिटिनियल डायलाईसिस |
| | १९ | नेशनल डायलासिस सेन्टर, बसुन्धरा, काठमाडौं | हेमोडायलाईसिस |

17

डा. रोशन पोखरेल
सचिव

| | | | |
|---|---|---|---|
| | २० | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | क्यान्सर |
| | २१ | विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौं | हेमोडायलाईसिस, हेड इन्जुरी, स्पाईनल इन्जुरी |
| | २२ | सुमेरु सामुदायिक हस्पिटल प्रा.लि., धापाखेल, ललितपुर | हेमोडायलाईसिस, AKI, औषधी सेवन (Medical Treatment) पार्किन्सन्स, अल्जाईमर्स, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| | २३ | अल्का अस्पताल प्रा. लि., जावलाखेल, ललितपुर | हेमोडायलाइसिस |
| | २४ | हिमाल हस्पिटल प्रा.लि., ज्ञानेश्वर, काठमाडौं | हेमोडायलाइसिस |
| | २५ | राष्ट्रिय ट्रमा सेन्टर, महांकाल, काठमाण्डौं | क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| | २६ | ग्राण्डी इन्टरनेशनल अस्पताल, धापासी, काठमाडौं | हेड इन्जुरी, स्पाइनल इन्जुरी, हेमोडायलाइसिस |
